# क्षीरेश्वरनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### महेन्द्रनगर,धनुषा

### प्रदेश नं.२, नेपाल

**बजारको ठेक्का बन्दोवस्ती सम्बन्धी ७(सात) दिने सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०७९।०३।२५ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम ८४ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमको बजारको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलको शर्तहरुको अधिनमा रही इच्छुक नेपाली नागरिक व्यक्ति, फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र दिन पर्ने शिलबन्दी दरभाउ पत्र आवह्नको लागि ७(सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | विवरण | न्युनतम ठेक्का रकम रु. | दरभाउ पत्र फारम दस्तुर | ठेक्का अवधि | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय | दरभाउपत्र खोल्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| ४/०७८-०७९ | चौक बजार ठेक्का क्षी.न.पा. ५ | ८,२१,५५१।- | ५००।- | २०७९ श्रावण देखि २०८० असार मसान्तसम्म(१ बर्षको लागि) | ७ औं दिन कार्यालय समय सम्म | ८ औं दिन दिनको १२ बजे सम्म | ८ औं दिन दिनको २ बजे सम्म | क्षी.न.पा. कार्यालय |

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७(सात) दिनसम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट रु.५००।- को (पछि फिर्ता नहुने गरी) रसिद काटी दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउ पत्रको आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग उल्लेख गरी खामबन्दी गरी शिल, लाह छाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना र ठेक्का नं. लेखिसूचना प्रथम पटक प्रकाशित भएको मितिले ८(आठ) औं दिन दिनको १२ बजेसम्म दरभाउ पेश र ठेगाना तथा आफुले ठेक्का लिन चाहेको पोखरी तथा बजारको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउँदा शिलबन्दी दरभाउसँग यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक जनकपुर स्थित रहेको धरौटी खाता नं.१२२०१००३०३००००२ मा आफुले कबोल गरेको रकमको ५% प्रतिशतले हुने रकम जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। दरभाउ फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

३. दरभाउ पत्रदाताले आफनो नेपाली नागरिकताको प्रतिलिपी र फर्मको हकमा प्यान दर्ता प्रमाण पत्र, इजाजत पत्र, कर चुक्ता समेतको प्रतिलिपी पेश गर्नुपर्नेछ।

४. दर्ता भएका दरभाउ पत्रहरु शर्त नं.२ मा उल्लेख भएको दिन दिनको २ बजे सम्वन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितीमा खोलिनेछ तर प्रतिनिधि उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन्।

५. दरभाउपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य भोली पल्ट कार्यालय खुलेको दिनमा गरिनेछ।

६. नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद, जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएका रकम समेत जफत गरीनेछ।

७. न्यूनतम ठेक्का रकम भन्दा सबभन्दा बढी ठेक्का रकम कबोल गर्ने दरभाउ पत्र दाताको दरभाउ स्वीकृत गरिनेछ।

८. बोलपत्र स्वीकृत पश्चात ७ दिन भित्र सम्झौता गर्न आउँदा कबोल अंकको ४०% प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक जनकपुर स्थित रहेको आन्तरीक श्रोतको खाता नं.१२२०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर र बाँकी २ किस्ता रकम वापतको सम्झौता अवधि पश्चात ६ महिनासम्म म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी बैंक जमानत पत्र लिई सम्झौता गर्न आउनु पर्नेछ। साथै बाँकी २ किस्ता मध्ये पहिलो किस्ता ठेक्का आ.व.को मंसिरमसान्तसम्म र अन्तिम किस्ता चैत्रमसान्तसम्म बुझाउनुपर्नेछ।

९. ठेक्का सम्झौता भइसकेपछि बन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफि दिइने छैन्।

१०. केरमेट भएको,सहि छाप नभएको, रित नपुगेको तथा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन्।

११. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नुपर्नेछ।

१२. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने संम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ। साथै सूचनामा केही कुरा थपघट गर्नु पर्ने कुरा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी गराईनेछ।

१३. दरभाउ पत्र दाता तथा नगरपालिकाबीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णय लाई अन्तिम निर्णय मानिनेछ।

१४. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. सम्झौता गर्न ७ दिन भित्र सम्झौता गर्न नआएमा निजले राखेको ५ प्रतिशत धरौटी जफत गरिने छ।

१६. अन्य जानकारीको लागि यस कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

प्रमोद कुमार घिमिरे
नि.प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner